मिति २०७२ साउन २१ गते

# प्रेश विज्ञप्ति

मुलुकको विद्यमान संविधानमा उल्लेख भएको धर्म निरपेक्ष शब्दावली प्रति पछिल्लो समयमा आएर हालै ल्याइएको संविधान मस्यौदा, सो मस्यौदाउपर गरिएका सुझाव संकलन र सरकार तथा मस्यौदा समितिमा रहेका उच्च ओहोदाका व्यक्तिहरूबाट विभिन्न मिति, स्थान र कार्यक्रममा व्यक्त गरिएका विवादास्पद अभिव्यक्तिहरूले धर्म निरपेक्ष शब्दावलीलाई बलजफ्ती विवादास्पद बनाइएको हो कि भन्ने पुष्टि विविध तवरले हुँदै गएको छ ।

जनआन्दोलन भाग २ पछि जनताको मागअनुसार भन्दै तत्कालीन प्रतिनिधि सभाले घोषणा गरि मुलुकको मूल कानून संविधानमा नै धर्म निरपेक्ष उल्लेख गरि संशोधित संविधानमा समेत उल्लेख गरिएको अवस्थामा यसलाई अब बन्ने संविधानमा अझ अपरिवर्तनीय शब्दावली अर्थात प्रस्तावना र असंशोधनीय धारामा राखिनु पर्नेमा यसलाई हटाउने सम्मको चलखेल गर्नु/गराउनुले सबै धर्मको समान अस्तित्व चाहनेहरूप्रतिको निमित्त यो दुःखद क्षण हुन पुगेको छ । हेपाहा प्रवृत्तिको पराकाष्ठा यो भन्दा के हुन सक्छ ?

संविधान मस्यौदा आएपछि खराब नियत भएका सरकारका केही व्यक्तिहरू तथा विभिन्न अतिवादी पक्षहरूले गरिरहेका धार्मिक असहिष्णुतापूर्ण क्रियाकलापहरूले यसलाई थप संकटग्रस्त बनाउँदै लगिरहेको छ । जसले गर्दा यसको संरक्षणार्थ किरात, बौद्ध, ईश्लाम, ईशाई, शिख र बहाई धर्मावलम्बीरुको अगुवाईमा धर्म निरपेक्ष संरक्षण महासमितिको निर्माण गर्नु बाध्यता बनेको छ । गत साउन १९ गते गठन भएको महासमितिको ठहर छ कि, बहुधार्मिक देशको रुपमा परिचित हाम्रो देशलाई बचाइराख्ने हो भने धर्म निरपेक्ष शब्दावलीलाई कुनै किसिमको मुद्दा नबनाइयोस् । यसको निमित्त यसअघि गत साउन ७ गते किराँत, बौद्ध, इश्लाम, इशाई, बहाई र शिख धर्मको १२ सदस्यीय एक प्रतिनिधि मण्डलले संविधानसभाध्यक्ष सुवासचन्द्र नेम्बाङलाई एक सुझाव पत्र पेश गरिसकेको छ । सो सुझाव पत्र राष्ट्रपति रामवरण यादव र प्रधानमन्त्री सुशील कोइरालालाई पनि भोलिपल्ट बुझाइ सकेको छ । सो सुझावलाई लागु गर्न गराउन सरकार तथा सम्बन्धित पक्षसँग पुनः अनुरोध गर्दछौं ।

तर, हाम्रो सो सुझावलाई बेवास्ता गरे, धर्म निरपेक्ष भन्ने शब्दावली संविधानमा नराख्ने प्रयत्न गरे तथा यसप्रति विविध तवरका षडयन्त्रहरू गरे/गराइए, गर्न/गराउन उक्साइए हाम्रो लागि त्यो कुनै पनि हालतमा मान्य हुनेछैन, यस्ता षडयन्त्रको प्रतिकार गर्न यो महासमिति बाध्य हुनेछ, र त्यसले उत्पन्न गर्ने कुनै पनि प्रतिकूल परिस्थितिको जिम्मेवार सरकार र उक्साउने सम्बन्धित पक्ष हुनेछ ।

धर्म निरपेक्ष संरक्षण महासमिति, काठमाण्डौ

- **बौद्ध**

  ............... ................... ...........................

  भिक्षु कोण्डन्य — थेरबाद

  (फुपु छेम्बे शेर्पा) — महायान

  प्रा.डा नरेश मान वज्राचार्य — वज्रयान

- **किराँत**

  ......................

  डेकेन्द्र सिंह लिम्बु

- **ईस्लाम**

  ......................

  नजुरुदिन हुसेन

- **ईसाइ**

  ......................

  उत्तम परियार

- **सिख**

  ......................

  गुरु वश्व्श सिंह ज्ञानी